नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग
## ई.पि.एस कोरिया शाखा
गाबहाल, ललितपुर

## लिखित दरभाउपत्र प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२।१०।२३)

आर्थिक वर्ष ०८२/०८३ को संझौता मिति देखि तीन वर्षको लागि चमेनागृह संचालन प्रयोजनार्थ संचालक आफैले अस्थायी ट्रष्ट निर्माण गरी सेवा प्रदान गर्न ईच्छुक ईजाजत प्राप्त फर्म,कम्पनी वा व्यक्तिले सेवा प्रदान गर्ने गरी तपसिलका शर्तहरुको अधीनमा रही लिखित दरभाउपत्र सहितको प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

**शर्तहरुः**

१. दरभाउपत्र प्रस्ताव फाराम रु.१०००।- पछि फिर्ता नहुने गरी गरी रा.बा.बैंकको राजश्व खातामा ईपिएस कार्यालयको कार्यालय कोड नं. ३७१०२३४०१ शिर्षक नं.१४२२९ मा जम्मा गरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८२।१०।२९ भित्र र सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनसम्म कार्यालय समयमा यस विभागको स्टोर वा आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गरेर सो फारम भरी प्रत्येक पानामा सहीछाप गरी ८ औं दिन (मिति २०८२।११।०१) र सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन दिनको १२:०० बजेभित्र यस शाखामा दर्ता गराउनु पर्नेछ। सोही दिन दिनको १:०० बजे दरभाउपत्रदाताहरुको प्रतिनिधिहरुको उपस्थितिमा दरभाउपत्र प्रस्तवाव खोलिने छ। प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२. दरभाउपत्र फारम खरिदकर्ताले दरभाउपत्र प्रस्तावसाथ व्यक्ति भए नेपाली नागरिकता प्रमाणपत्रको प्रति, फर्म संस्था वा कम्पनी भए सो दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर वा स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र, तिर्नु वुझाउनु पर्ने कर बाकी भए वा आ व ०८१/८२को कर चुक्ता गरेको प्रमाणपत्र वा यस्तै प्रकारको कागजात पेश गर्नु पर्ने छ ।

३. लिखित दरभाउ प्रस्तावदाताले यस्तो प्रकृतिको कुनै पनि सेवा प्रदान वा खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित सेवा कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

४. चमेना गृह संचालन गर्न लिखित दरभाउपत्रको प्रस्तावक मध्ये सारभूत रुपले प्रभावग्राही हुने प्रस्तावदाताले संझौता गर्दाका वखत रु ५००००।-(पचाँस हजार) कार्यसम्पादन धरौटी रकम को.ले.नि.का.ललितपुरको नेपाल बैक लि गावाहाल ललितपुरमा रहेको कर२३-०१८०१०००००२००३००००००१को धरौटी खाता कार्यालय कोड नं. ३७१०२३४०१ मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ३७ महिना म्याद भएको मान्यता प्राप्त बैंकको बैंक जमानत(Security) पेश गर्नुपर्नेछ।

५. अन्य कुराहरु संझौता पत्र बमोजिम हुने छ ।

२०८२।१०।२२

निर्देशक